'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ७१ विहिवार २२ कार्तिक, २०८१ 07 (Thursday) November 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### नेपाली सेनाको अबकाश पछिको दिनचर्या

## गाउँको बाँझो जमिनमा तरकारी र फलफुल खेती गर्दै

नमस्ते समचारदाता
डोटी, कार्तिक/२१



डोटीको शिखर नगरपालिका-४ देवालीका कर्णबहादुर मल्लले १७ वर्ष नेपाली सेनामा जागिर खाएर अवकास लिए । मल्लसँगैका कतिपय नेपाली सेनामा काम गरेका सहकर्मी अवकाश पश्चात् वैदेशिक रोजगारी तिर लागे । कतिपय व्यापार/व्यवसाय लगायतका क्षेत्रमा लागिरहेका छन् । तर कर्णबहादुर मल्लले अवकाश पछिको समयलाई गाउँमा व्यावसायीक रूपमा तरकारी खेती गरेर उदाहरणीय कार्य गरिरहेकाछन् । पहाडका गाउँबाट बसाइँसराइ गरेर तराई लगायत सहरी क्षेत्रमा जानेहरुका कारण गाउँमा जमिन बाँझो रहने गरेको छ । मल्लले बसाइँसराइ गरेर गएकाका कारण बाँझो जमिनलाई समेत तरकारी उत्पादनमा उपयोग गरेका छन् । उनी भन्छन्, 'जागिरबाट अवकाश हुनुपूर्व नै मैले बाँकी जीवन कृषिकर्ममा नै बिताउने बारेमा योजना बनाइसकेको थिएँ । अहिले त्यही गरिरहेको छु ।' घरनजिकै व्यावसायीक तरकारी खेतीका लागि निर्माण गरिएको प्लास्टिक घरतर्फ देखाउँदै मल्ल भन्छन्, 'उत्पादन भएको तरकारीलाई बजारको समस्या छैन । २० रोपनीभन्दा बढी जग्गामा तरकारी र फलफूल खेती गरेको छु । बसाइँसराइ गरेर गएकाहरुको बाँझो जमिनमा समेत मैले तरकारी खेती गर्दै आएको छु ।' मल्ल २०७९ सालमा नेपाली सेनाको जागिरबाट अवकाश हुन । हाल उनले सात वटा प्लास्टिक घरभित्र बेमौसमी तरकारी खेती गरेर वार्षिक पाँच लाख रुपियाँभन्दा बढी आम्दानी गर्दै आएको बताउँछन् । तरकारी उत्पादनका साथै बाख्रापालन, भैँसीपालन र फलफूल खेती पनि गर्दै आएका मल्लले शिखर कृषि तथा पशुपन्छी फार्म दर्ता गरेकाछन् । गोलभैँडा, आलु, काउली, गाँजर लगायतका तरकारीको उत्पादन गर्दै आएका मल्ले स्याउ, कागती, सुन्तला, आँपलगायतका फलफूलका बिरुवा समेत रोपेका छन् । गाउँमा रहेका अन्य व्यक्तिलाई समेत कृषि पेशाप्रति आकर्षण गर्न मल्लले गाउँमा कृषि पुस्तकालय समेत स्थापना गरेका छन् । पुस्तकालयमा कृषिसँग सम्बन्धित पुस्तक र जानकारीमूलक सामग्री पढ्नर हेर्न पाइन्छ । व्यावसायीक रूपमा तरकारी खेतीप्रतिको मोह देखेर सरकारी स्तरबाट समेत मल्ललाई सहयोग हुन थालेको छ । आर्थिक वर्ष २०८०/८१ मा कृषि ज्ञान केन्द्र डोटीले मल्ललाई हातेट्र्याक्टर र सात वटा प्लास्टिक घर तथा शिखर नगरपालिका स्थित कृषि शाखाले सिँचाइका लागि ७० हजार रुपियाँ बराबरको प्लास्टिक पाइप अनुदानमा उपलब्ध गराएको छ । बाँकी ३ पेजमा...

## कागतीले बजार नपाउँदा उपभोक्ता चिन्तित

नमस्ते समचारदाता
बाँके, कार्तिक/२१



बाँकेको राप्ती सोनारी गाउँपालिका-७ निबुवाटारमा रहेको कुसम्या सामुदायिक वन उपभोक्ता समितिले उत्पादन गरेको कागतीले बजार नपाउँदा उपभोक्ता समिति चिन्तित भएको छ । सामुदायिक वनका अध्यक्ष काशीराम चौधरीले वनमा लटरम्म फलेका कागती बिक्री हुने आशमा रहेका उपभोक्ताहरु बिक्री नहुँदा निराश हुन थालेको बताए । चौधरीले थपे, 'कागती बिक्री हुने हो भने त्यसबाट वनका उपभोक्तालाई राम्रो आम्दानी हुने र वन समितिलाई पनि फाइदा हुने हो तर उत्पादन भएका कागतीले बजार नपाएर समस्या पारिरहेको छ । सामुदायिक वनमा उत्पादित कागती बिक्री वितरणको व्यवस्था मिलाउन उपभोक्ता समितिले स्थानीय निकायसँग आग्रह समेत गरिरहेको छ ।' पहिलो पटक आफ्नो सामुदायीक वनमा करिब एक हजार किलो भन्दा बढी कागती फलेको चौधरीले जानकारी दिए । भारतबाट आउने कागतीका कारण स्थानीय स्तरमा उत्पादित कागतीले बजार नपाएको वनका उपभोक्ता अमर घर्तीमगरले बताए । राप्ती सोनारी - ७ का वडा अध्यक्ष राम लखन थारुले गैरसरकारी संस्थाको सहयोगमा वनमा कागती फलेको देखेर आफूलाई हर्षित बनाएको बताउँदै स्थानीय स्तरमा उत्पादित कागतीलाई बजारीकरण गर्नका लागि वडाले पहल गर्ने प्रतिवद्धता जनाए । कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख विनोद घिमिरेले सामुदायिक वनमा गरिएको कागती खेतीको बजारीकरणका लागि सबैले पहल गर्नुपर्ने सुझाव दिए । वन आसपास क्षेत्रका लक्षित वर्ग र विपन्न वर्गका लागि रोजगारी सिर्जना गरी आयआर्जनमा टेवा दिने लक्ष्य लिएर कागती खेती सुरु गरिएको वन उपभोक्ता समितिले जनाएको छ । सो वनमा B-Group/AWO को आर्थिक सहयोगमा १.७ हेक्टर क्षेत्रफलमा कागती कलमी ३३५, कागती बिजु ५७५, सितल चिनी ६२, जामुन १५० र बेल ४७५ गरी जम्मा १५सय ९७ बिरुवा लगाइएको छ ।

## टिकटक दर्ता भयो नेपालमा

नमस्ते समचारदाता
काठमाडौं, कार्तिक/२१

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवम् प्रवक्ता गजेन्द्रकुमार ठाकुरका अनुसार पछिल्लो समय लोकप्रिय रहेको सामाजिक सञ्जाल टिकटकले आवश्यक कागजात पेस गरेसँगै विधिवत रूपमा दर्ता भएको हो । सामाजिक विकृति फैल्याएको भन्दै नेपालमा गत वर्ष कार्तिकमा बन्द गरिएको टिकटक गत भदौ ६ गते मन्त्री परिषदको निर्णयबाट खोलिएको थियो । टिकटक अब भने आधिकारिक रुपमै दर्ता भएको छ । जसलाई सामाजिक सञ्जाल व्यवस्थित गर्ने निर्देशिका बमोजिम टिकटक दर्ता गरिएको प्रवक्ता ठाकुरले जनाएका छन् ।

## दसैं तिहारको अवधिमा सवारी दुर्घटनामा ६ जनाको मृत्यु

नमस्ते समचारदाता
बाँके, कार्तिक/२१




बाँकेमा दसैं तिहारको अवधिभर भएका सवारी दुर्घटनाका घटनाहरुमा परी ६ जनाको मृत्यु भएको छ भने १६ जना घाइते भएका छन् । दशैको घटस्थापनाको दिन असोज १७ देखि कार्तिक १९ गतेसम्म जिल्लाभर भएका दुर्घटनामा ५ पुरुष र एक महिला गरी ६ जनाले ज्यान गुमाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक पुष्कर पन्तले जानकारी गराएका छन् । ट्राफिक प्रमुख पन्तका अनुसार १० वटा दुर्घटनामा ५ पुरुष र ३ महिला गरी ८ जना गम्भीर घाइते हुँदा अन्य ८ जना सामान्य घाइते भएका छन् । जसमा तीन जना पुरुष, २ महिला, २ जना बालक र १ जना बालिका रहेका छन् । त्यस्तै उक्त अवधिभर बाँके ट्राफिकले नियम उल्लङ्घन गर्ने २७ सय ७ सवारी साधनलाई कारबाही गर्दै २४ लाख २४ हजार रुपैयाँ राजश्व सङ्कलन गरेको ट्राफिक प्रमुख पन्तले बताए । साथै यस अवधिभर ट्राफिक प्रहरीले २२४ सवारी चालकलाई मापसे कारबाही गर्दै १ लाख १२ हजार ५ सय रुपैयाँ राजश्व सङ्कलन गरेको हो । ट्राफिक प्रहरीले जिल्लाभर २२८ पटक सञ्चालन गरेको सचेतना कक्षामा १० हजार ३८० जना सहभागी भएका छन् ।

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्धारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## जताबाट पनि किसान नै मर्कामा

भनिन्छ, नेपाल कृषि प्रधान देश रे ! तर यो देशमा जमिनमा प्रत्यक्ष जोडिएको किसान सधैं मर्कामा परिरहेको कसैले देख्दैन । संसारमा जतिसुकै धनी मानिस भए पनि त्यही जमिनमा काम गर्ने किसानले उत्पादन गरेको खानेकुरा नखाई बाँच्न सक्दैन । तर संसारका सबै मानिस जातीलाई बचाउने खाद्य बस्तुको उत्पादन गर्ने किसानलाई ब्यापारीले ठगेको छ, बिचौलियाले ठगेको छ, ढुवानीवालाले ठगेको छ, सरकारले ठगेको छ, कर्मचारीले ठगेको छ, अनेकौं रोग–ब्याध, किरा–फट्याङग्राले त सताएकै हुन्छ। हुँदा–हुँदा दैवले पनि किसानलाई ठग्ने काम गरिरहेको हुन्छ। खेती पाती गर्ने बेला किसानलाई पानी चाहिन्छ, त्यो बेला पानी पर्दैन। बाली लगाए पश्चात निश्चित–निश्चित समयमा किसानलाई पानी चाहिएको हुन्छ, पानी पर्दैन, अनि आफूले दुख गरेर लगाएको बाली–नाली स्याहार्ने बेलामा किसानलाई घाम चाहिएको हुन्छ, त्यही बेला पानी परेर स्याहार्न ठिक्क भएको बाली नास गरिदिन्छ। दैवले समेत किसानलाई नै ठगेको हुन्छ। आखिर त्यो निर्दोष तर मिहिनेती किसानले कसैको केही बिगार्दिएको हुदैन। तर पनि उ सबै तिर बाट सधै ठग्गिरहेको हुन्छ । यति बेदा पनि दैवले ती मिहिनेती किसान दुख गरेर वर्षभरी खानाका लागि उत्पादन गरेको धानबाली स्याहार्ने बेलामा पानी पारेर अधिकांश नास गराइदिएको छ। सरकारले किसानहरुलाई चाहिएको बेलामा न बिउँ उपलब्ध गराउछ, न मल उपलब्ध गराउँछ, न वास्तविक किसानलाई अनुदान उपलब्ध गराउँछ, न त मौसमका कारण क्षेति भएको बालीको क्षतिपूर्ति नै दिन सक्छ। कृषि प्रधान देशमा किसान नै सबै तिरबाट ठगिने नेपाल मै होला । अहिले किसान बेमौसमी वर्षाका कारण पानीले स्याहार्न ठिक्क पारेको धान बाली नास गरिदिएकाले मर्कामा परेका छन्। सरकारले त्यसको क्षतिपूर्ति गर्ला भन्ने उनीहरुलाई आशा छैन। नेपालको सरकारले दिने क्षतिपूर्ति भनेको त झारा टार्ने मात्र न हो।


जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# सुशासनमा नैतिक अनुशासन

शिवराम न्यौपाने




मुलुकको विकासका लागि सुशासन अनिवार्य सर्त हो । विकासका नीति, योजना, कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्न सरकारले सुशासनलाई मुख्य आधार बनाएको हुन्छ। सुशासन सुनिश्चित गर्न राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको नैतिक अनुशासन अपरिहार्य हुन्छ । नैतिक अनुशासन ह्रासका कारण भ्रष्टाचार, अनियमितता वृद्धि हुँदै गएको छ । शासनको नेतृत्वमा रहेको राजनीतिक क्षेत्र र कार्यकारिणीको जिम्मेवारीमा रहेको प्रशासनिक क्षेत्रमा गिर्दो नैतिक अनुशासनले प्रत्यक्ष प्रभाव परेको छ । सङ्घीयतहदेखि स्थानीय तहसम्मका विकासका लगानीबाट अपेक्षित रूपमा उपलब्धि हासिल हुन सकेको छैन । मिलेमतो, गठबन्धन र साँठगाँठले राज्यको स्रोतमा सीमित व्यक्ति समूहको हालीमुहाली भएको छ । गरिबी, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा महँगो शुल्क, खानेपानी सुविधाबाट वञ्चित, रोजगारीका लागि बिदेसिनु पर्ने अवस्थामा सुधार नदेखिनुले शासकीय कमजोरी भएको स्पष्ट हुन्छ । समग्र आर्थिक वृद्धि, मर्यादित रोजगारी, आधारभूत पूर्वाधारको विकास, व्यवस्थित सहरी विकास र अन्वेषणमा आधारित औद्योगिकीकरण, धान्नै नसकिने उपभोग र उत्पादन प्रणालीलाई रूपान्तरण गरी दिगो बनाउने जस्ता विषयलाई राज्यले प्राथमिकतामा राखेको भए तापनि यस क्षेत्रमा राजनीतिक नेृतत्व र कर्मचारीतन्त्रको नैतिक अनुशासन कायम हुन सकेको छैन। यसका कारण भ्रष्टाचारका प्रवृत्ति वृद्धि भई विकासमा विनियोजित स्रोतको उच्चतम दुरुपयोग भएको छ । फलस्वरूप विकासका उपलब्धि निराशाजनक रहेको छ । यस सन्दर्भमा तीनै तहको सरकारको राजनीतिक नेतृत्व र उच्च प्रशासनिक पदाधिकारीको नैतिक अनुशासन कायम हुनु आवश्यक भएको छ । मुलुकका विभिन्न समयका राजनीतिक एवं सामाजिक परिवर्तनले विकासका नारालाई उच्च प्राथमिकता दिने गरेको छ । साथै राजनीतिक एवं प्रशासनिक कार्य शैली र पद्धतिमा सुधार गर्ने प्रतिबद्धता आउने गरेका छन्। नेपालको वर्तमान संविधान, कार्यान्वयनमा रहेका मौजुदा कानुनी एवं नीतिगत दस्तावेज र स्थानीय तहसम्मका प्रशासनिक एवं सामाजिक संरचनाले मुलुकको समग्र विकास एवं समृद्धिलाई उच्च प्राथमिकतामा राखेको पाइएको छ । विकास र समृद्धिका लागि भएको प्रयास ठुलो भएको भए तापनि उपलब्धि उत्साहजनक रहेको छैन । सार्वजनिक सेवा प्रवाह एवं विकास निर्माणका कार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा भइरहेको भ्रष्टाचार र अनियमित कार्यले समग्र विकासको उपलब्धिमा वृद्धि हुन सकेको छैन। कानुनी शासन, पारदर्शी निर्णय प्रक्रिया, जवाफदेहिता, प्रभावकारी सेवा प्रवाह तथा भ्रष्टाचार नियन्त्रणका लागि हरेक क्षेत्रका काममा नैतिक अनुशासन अनिवार्य भएको हुन्छ । यसका लागि तीनै तहका सरकारका शासकीय जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वले नैतिक अनुशासनको उदारणीय कदम चाल्नु आवश्यक भएको छ। राजनीतिक नेतृत्व देशको अभिभावकत्वको भूमिकामा रहेको हुन्छ । देशवासीले राजनीतिक नेतृत्वको राम्रा वा नराम्रा गुण र व्यवहारको अनुशरण गर्ने गर्छन् । राजनीतिक नेतृत्वको नैतिक अनुशासन कमजोर भएको अवस्थामा अनियमित कार्यको सिको कर्मचारीतन्त्र र अन्य गैरसरकारी एवं निजी क्षेत्रमा फैलिन्छ । यसबाट विकास निर्माण, सार्वजनिक खरिद र राजस्व सङ्कलनमा ठुलो नोक्सानी बेहोर्नु परेको छ। पूर्वाधारका आयोजना महँगा र कम गुणस्तरका हुनुका साथै अस्वाभाविक मर्मतसम्भार खर्चका कारण सञ्चालन गर्न कठिन भएको छ। असुरक्षित र कम गुणस्तरका पूर्वाधार निर्माणको कार्यले मानव जीवन नै जोखिममा पर्ने खतरा बढेको छ । स्वदेशी एवं विदेशी उद्योगी, व्यापारी इमानदार भई लगानीका लागि स्वतःस्फूर्त हुन सकेका छैनन्। नेतृत्वको नैतिक अनुशासन कमजोर हुँदा आर्थिक विकासको मुख्य क्षेत्र कृषिमा प्रत्यक्ष प्रभाव परेको छ । आधारभूत शिक्षा, स्वास्थ्यको सेवा प्रवाहमा समेत प्रतिकूल असर परेको छ । कृषिमा ठुलो रकम अनुदानका माध्यमबाट लगानी गरेको भए तापनि यस क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन । कृषिमा जाने अनुदान कृषकमा नपुग्ने र पुगे पनि ठुलै कमिसन दिएर मात्र कृषकले पाउनु पर्ने कारण कृषकको उत्प्रेरणा ह्रास हुँदै गएको छ । सरकारले निःशुल्क वितरण गर्ने भनी घोषणा गरेका औषधी लक्षित वर्गले पाउन सकेका छैनन् । यस्ता औषधी स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारीमार्फत निजी क्लिनिकबाट अनियमित रूपमा बिक्री वितरण हुने गरेको देखिएको छ। औषधी उत्पादन, वितरण, खरिदमा हुने भ्रष्टाचारले गुणस्तर प्रभावित भई जनताको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने गरेको छ। शिक्षण संस्थामा रहेको पुरानो समस्या वास्तविक शिक्षकले भाडाका शिक्षकलाई नियुक्त गराई कम तलबमा पठन पाठन गराउने कार्यले अझै पनि निरन्तरता पाइरहेको छ। नैतिक अनुशासनलाई महत्व नदिँदा तथ्य र सिद्धान्त कमजोर हुन गरेको छ । मिलेमतो, गठबन्धन, साँठगाँठ, आफ्ना र निहित स्वार्थ जोडिएका व्यक्ति बिचको सहकार्यमा पदमा रही रहने प्रवृत्तिले महत्व पाएको छ । नेतृत्वको स्वार्थप्रेरित मिलेमतोका कारण भ्रष्टाचार नियन्त्रणको जिम्मेवारीमा रहेका निकायले प्रभावकारी रूपमा कार्य गर्न सकेका छैनन् । यस सन्दर्भमा मूलतः शासकीय जिम्मेवारीमा रहेका र ाजनीतिक नेतृत्वले पदमा रहँदा आफ्नो र दलको स्वार्थका लागि नभई देश र जनताको सेवा गर्ने गराउने प्रतिबद्धतासहितको व्यवहार देखाउन जरुरी भएको छ। साथै आर्थिक लेनदेन, नातावाद, गुटबन्दीको व्यवहार नियन्त्रण गर्नुपर्ने, अस्वस्थ निर्वाचन खर्चलाई नियन्त्रण गर्नुपर्ने, भ्रष्टाचारको कसुरमा सजाय भएका व्यक्तिलाई भविष्यमा कुनै पनि राजनीतिक गतिविधिमा सहभागी नगराउने पद्धतिको थालनी गर्ने जस्ता विषयलाई दलको विधानमा स्पष्ट उल्लेख गरी कार्यान्वयनमा ल्याउनु आवश्यक भएको छ। समाज सचेत, चनाखो र जिम्मेवार हुन सकेको अवस्थामा भ्रष्टाचार नियन्त्रणको कार्यलाई प्रभावकारी गराउन सकिने हुन्छ । सभ्य, इमानदार र सुसंस्कृत समाजले भ्रष्टाचारलाई स्वीकारेको हुँदैन । समाजको बेवास्ताका कारण भ्रष्टाचार र अनियमितताका कार्य बढ्दै गएका छन् । अकुत सम्पत्ति कमाउने उत्साहित हुँदै गएका छन् । नागरिक समाज, राजनीतिक नेतृत्व, सामाजिक संस्थाहरू, युवा समुदाय लगायतको भ्रष्टाचारविरुद्धको नैतिक अनुशासन कमजोर हुनुका कारण समाजमा भ्रष्टाचारको प्रवृत्ति बढेको सहज अनुमान गर्न सकिन्छ । मूलतः स्थानीय तहमा हुने विकास निर्माण एवं सार्वजनिक खरिदमा चासो नराख्ने, निगरानी नगर्ने, राजनीतिक आस्थाका आधारमा गलत कार्यको विरोध नगर्ने जस्ता कार्य समाजले सहजै गर्दै आएको छ । यस सन्दर्भमा अकुत सम्पत्तिका विरुद्धमा सामाजिक चेतना, विद्रोह, बहिष्कारको संस्कार विकास गर्ने, नैतिक अनुशासनमा कमजोर देखिने राजनीतिक, प्रशासनिक, व्यावसायिक वा निर्माण व्यावसायीका विरुद्धमा आवाज उठाउने, अनियमित कार्यको प्रचारप्रसार गर्ने कार्यमा नागरिक समाजलगायतका सरोकारवाला संस्थाहरू सक्रिय हुनु जरुरी भएको छ। प्रशासनिक नेतृत्वको नैतिक अनुशासन कमजोर भएका कारण सेवा केन्द्रप्रतिको विश्वसनीयता कमजोर हुँदै गएको छ। सेवा प्रवाह गर्ने निकायबाट छिटो, छरितो, सहज र सरल तरिकाले कार्य हुन सकेको छैन । प्रशासनिक क्षेत्रको अनियमित कार्य नियन्त्रण गर्न कर्मचारीले नै कार्यालय भित्र निगरानी गर्ने र उजुरी गर्ने संस्कार विकास गर्न जरुरी भएको छ । राजनीतिक दबाब वा मिलेमतोमा अनियमित कार्य नगर्ने नगराउने प्रतिबद्धता, असल कार्यको उदाहरणीय नेतृत्व प्रदान गर्ने नैतिक अनुशासन कायम गर्न जरुरी भएको छ । सार्वजनिक खरिद एवं भुक्तानीलगायतका आर्थिक कारोबार सँग सम्बन्धित कामलाई क्रमशः विद्युतीय पद्धतिमा लाने, बोझिला र झन्झटिला कार्य प्रक्रियालाई छिटो, छरितो र सहज गराउने कार्यमा अग्रसर हुनु आवश्यक भएको छ । प्रक्रियामुखीभन्दा नतिजामुखी कार्य पद्धति अवलम्बन गर्न मूलतः नेतृत्व तहका पदाधिकारी प्रतिबद्ध र अग्रसर हुनु जरुरी भएको छ । प्रशासनिक क्षेत्रका उच्च भ्रष्टाचारको सम्भावना रहेका क्षेत्र पहिचान गरी नियमित रूपमा निगरानी बढाउने र कार्यालयको काममा दलाल, एजेन्ट, बिचौलियाको संलग्नता निषेध गर्न जागरुक हुनु अनिवार्य भएको छ । मुलुकमा सुशासन कायम गर्न राजनीतिक नेतृत्वको नैतिक अनुशासन पहिलो अनिवार्य सर्त हो। तिनै तहको सरकार प्रमुखदेखि शासकीय प्रक्रियामा रहने सबै राजनीतिक पदाधिकारीले सार्वजनिक जिम्मेवारीमा रहँदा नैतिक अनुशासनको पालना गर्नु जरुरी भएको छ । मिलेमतोमा अनियमित कार्य गर्ने प्रवृत्ति बढ्दा भ्रष्टाचार संस्थागत हुँदै गएको छ । दलाल, बिचौलिया, मध्यस्थकर्ता, पेसागत व्यवसायका नामबाट अनियमित कार्य गर्न गराउन सक्रिय व्यक्तिलगायतका समूहले राज्य स्रोतसाधनको दुरुपयोग गर्न भूमिका निर्वाह गर्ने गरेका कारण यसतर्फ नेतृत्व तह सजग हुनु आवश्यक भएको छ। सङ्घीयतहदेखि स्थानीय तहसम्मका राजनीतिक नेतृत्वले यस प्रकारका विकृतपूर्ण प्रवृत्तिलाई नियन्त्रण गरी भ्रष्टाचारका कार्यलाई निस्तेज गर्ने नैतिक साहस गर्नु आवश्यक छ । भ्रष्टाचारविरुद्धका अनुसन्धान स्वच्छ र तथ्यमा आधारित भई छिटो छरितो गराउनु जरुरी भएको छ । नागरिक समाज, सामाजिक संस्था, सञ्चारकर्मी, पेसागत संस्था, युवा समुदायलगायत सामाजिक दायित्वमा रहेका सबै व्यक्ति समूहले समाजका अनियमित कार्य नियन्त्रण गर्न नैतिक अनुशासनको पालना गर्न जरुरी भएको छ। मूलतः राजनीतिक नेतत्व सबैको अभिभावक भएका कारण यस वर्गले नैतिक जिम्मेवारीमा आफूलाई नमुना गराई मुलुकमा सुशासन कायम गर्न अग्रसर हुनु जरुरी भएको छ । (लेखक लोक सेवा आयोगका सहसचिव xgx5 ._ – *गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# शव चिरेर मृत्युको कारण पत्ता लगाउने पश्चिम नेपालका एक्ला डाक्टर शाक्य

नमस्ते समचारदाता
बाँके, कार्तिक/२१



मृत मानिसको शरीर चिर्नु सहज काम होइन । पोस्टमार्टम गर्ने काममा धेरैको रुची पनि देखिँदैन । त्यसैले त यो पेशामा संलग्न हुनेहरूको संख्या पनि न्यून छ । बाध्यकारी पेशा नभए पनि अस्पतालका लागि भने अनिवार्य अवश्य हो । धेरैको आकर्षण नभएको यही कठिन भनिएको पेशालाई नै आफ्नो भविष्य बनाएर अघि बढ्नुभएको छ, फोरेन्सिक विशेषज्ञ डा. अरविन शाक्य । डा. शाक्यले भेरी अस्पताल नेपालगञ्जमा शव चिर्न थालेको दुई वर्ष भन्दा बढी भइसक्यो । नेपालगञ्ज मेडिकल कलेज कोहलपुरबाट २०६९ सालमा एमबीबीएस उत्तीर्ण गरेपछि उनले करिब डेढ वर्षसम्म टिचिङमा इमरजेन्सी र फोरेन्सिक मेडिकल विभागमा काम गरे । फोरेन्सिक मेडिकल विभागमा काम गर्दा उहाँलाई मृत मानिसको शरीर चिरेर मृत्युको कारण पत्ता लगाउने उत्सुकता जाग्दै गएको थियो । फोरेन्सिक मेडिसिनमा जनशक्तिको एकदमै कमी छ । यो विभागमा राम्रो भविष्य भएकाले यो विभागमा नै जोडिन पाए हुन्थ्यो भन्ने डा. शाक्यलाई लाग्दै गयो । त्यसैक्रममा उनले महाराजगञ्ज मेडिकल कलेजमा एमडी अध्ययनका लागि छात्रवृत्तिमा नाम निकाले । वि.सं. २०७५ सालमा उनले फोरेन्सिकमा विज्ञता हासिल गरे । त्यसपछि उनी केएमसी अस्पतालमा जोडिए । त्यहाँ पढाउनेदेखि पोष्टमार्टम गर्ने काम पनि सुरु भयो । निजी अस्पतालमा फोरेन्सिक विभाग स्थापना गरी पोष्टमार्टम सुरु गरिएको केएमसी सम्भवतः नेपालकै पहिलो अस्पताल हो । करिब दुई वर्ष उनले केएमसीमा काम गरे । त्यसपछि उनी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पुगे । जुम्लामा रहँदै उनले लोक सेवा आयोगमा फोरेन्सिकतर्फ नवौं तहमा नाम निकाले । त्यसपछि उनको पोष्टिङ भेरी अस्पतालमा भयो । नवौं तहका स्थायी फोरेन्सिक विशेषज्ञ डा. शाक्य पश्चिम नेपालका एक्ला चिकित्सक हुन् । डाक्टरहरू माझ फोरेन्सिक मेडिसिन त्यति लोकप्रिय छैन । फोरेन्सिक मेडिसिन लाशसँग सम्बन्धित हुन्छ । धेरै डाक्टर जिउँदो मानिसको उपचार गर्ने पद्धतिमा जोडिएका हुन्छन्, मृत्यु भइसकेको मान्छेको मृत्युको कारण पत्ता लगाउने काममा जोडिन चाहँदैनन् । भेरी अस्पतालको फोरेन्सिक विभागमा पनि उनी लाश चिर्ने एक्ला विज्ञ डाक्टर हुन् । उनका सहयोगी कार्यालय सहायक कर्मचारी छन् । ती कर्मचारीलाई लाश चिर्ने तालिम डा. शाक्यले दिँदै आएका छन् । मानिसको मृत्युको कारण पत्ता लगाउने काम मेडिकल क्षेत्रका लागि अत्यावश्यक रहेको डा. शाक्य बताउँछन् । उनलाई सुरुदेखि नै यो पेशा रोज्दा आनन्दै महसुस भयो । 'बाहिर सोच्दाखेरी लास चिर्ने काम भन्दा नाक खुम्च्याउने गरिन्छ,' उनी भन्छन् -'तर मृत्युको कारण पत्ता लगाउने यही काम मेरो लागि सधैं उत्सुकतामै रह्यो ।' पोस्टमार्टम गर्ने कामको महत्व बुझेको हुनाले मनमा जतिसुकै तर्कना आए पनि डा. शाक्य पछाडि फर्किन चाहेनन् । एमबीबीएस पढ्ने बेलामा तेस्रो वर्षमा नै एक वर्ष फोरेन्सिक मेडिसिन कोर्स हुन्छ । जसमा पोस्टमार्टमको तालिम पनि हुन्छ । त्यसैले त्यो तालिममा संलग्न भएको हुनाले यो विषयमा स्नातकोत्तर पढ्दै गर्दा यो पेशामा लागेर पहिलो शव पोस्टमार्टम गर्न उनलाई गाह्रो भएन । प्राकृतिक रूपमा मृत्यु भएका भन्दा पनि दुर्घटना भएको, आत्महत्या गरेको, हत्या भएको र कुहिएका लास पनि चिर्नु परेको उनको भनाई छ । यस अवधिमा उनले पन्ध्र सय बढी शवको पोस्टमार्टम गरिसकेका छन् । कोही निर्दोष व्यक्तिलाई हत्याको आरोप लाग्यो, त्यो हत्या उसले गरेको होइन भनेर मृतकको शव पोस्टमार्टमबाट पत्ता लागेर निर्दोष व्यक्ति आरोपबाट मुक्त हुँदा उनलाई साह्रै खुशी लाग्छ । आफूले अंगालेको पेशाले एउटा निर्दोष व्यक्ति सजाय पाउनबाट बचेको सुन्दा उनलाई खुशी लाग्छ । आफ्नो पेशाबाट कानुनलाई पनि सहयोग पुगेको र चिकित्सा विज्ञानलाई समेत सहयोग पुगेको उनी सुनाउँछन् । जस्तैः व्यक्तिको अचानक मृत्यु भयो । पोष्टमार्टमपछि रोगको कारण थाहा पाएर अन्य व्यक्तिहरुलाई पनि उक्त प्रकृतिको रोगबाट जोगाउन सकिने पूर्व तयारीका कार्यक्रम निर्माण गर्न सहज हुने भएकाले चिकित्सा विज्ञानलाई पनि सहयोग पुग्ने उनको भनाई छ । सडक दुर्घटनामा मृत्यु भएका, आत्महत्या गरेका र हत्या भएका लासहरूको त भूतप्रेत हुन्छ भनेर डराउने धेरै हुन्छ । समाजमा व्याप्त भूतप्रेतबारे धारणा गलत भएको उनी सुनाउँछन् । 'लामो समय लासहरूसँग बिताउँदा र लास चिर्दा कहिलेकाहीँ राति सपनामा त्यस्तो केही अनुभूति हुन्छ । पंक्तिकारको प्रश्नमा उनी भन्छन् 'अहिलेसम्म कहिल्यै भूतप्रेत देखेको छैन ।' उनी भन्छन् 'धेरै लास चिरें, पोस्टमार्टम गर्ने क्रममा मेरो हात कहिल्यै काँपेका छैनन् । मृत्युको कारण पत्ता लगाउन शवको पोस्टमार्टम गरिन्छ । मृत शरीरको भित्री र बाहिरी अंगहरूको जाँच गरिन्छ । बाहिरी जाँच गर्दा पहिले उसले लगाएको लुगाको बारेमा वर्णन गरिन्छ । त्यसपछि कपडा खोलेर जनरल जाँच जस्तै लासको उचाई, तौल, चोट, मृत्युपछि हुने परिवर्तन हातखुट्टाको अवस्था, नाक-मुखबाट केही तरल पदार्थ आएको छ कि लगायतका कुरा नोट गरिन्छ । त्यसपछि क्रमशः छाती, पेट, टाउको खोलिन्छ र बाहिर निकालेर भित्री अंगहरूको जाँच गरिन्छ । केही चोट वा रोग छ कि भनेर जाँच गरेपछि मृत्यु हुनुको कारण पत्ता लगाइन्छ । यसरी पोस्टमार्टम गर्दा कुनै कारण पत्ता लागेन भने विष सेवनबाट पनि मृत्यु भएको हुन सक्छ । कारण पत्ता लागेन भने त्यस्तोमा भिसेरा र रगत जाँच गराइन्छ । मृत्युको कारण पत्ता लगाइसकेपछि फेरि सम्पूर्ण अंगलाई जोडेर परिवारलाई शव बुझाइन्छ । नेपालगञ्जस्थित भेरी अस्पतालमा रहेको फोरेन्सिक विभागमा बाँके, बर्दिया, दाङ, सुर्खेत, रुकुम, जाजरकोटबाट समेत शव पोष्टमार्टमका लागि ल्याउने गरिन्छ । कहिलेकाहीँ दैनिक ७-८ जनाकै शव पोष्टमार्टम गर्नुपर्ने अवस्था आउँछ । ज्यूँदो मानिसको फोरेन्सिक जाँच सहज हुन्छ । उसले आफ्नो समस्याबारे भन्न सक्छ । जस्तैः बलात्कार । उसले आफ्नो समस्या खुलेर राख्न सक्छ । त्यही अनुसार जाँच गर्न सकिन्छ । तर, मृत मानिसको शव चिरेर मृत्युको कारण पत्ता लगाउन गहिरो अध्ययन चाहिन्छ । किनभने शव बोल्दैन । त्यसैले त फोरेन्सिक डाक्टरलाई भनिन्छ मृतकका डाक्टरहरु । अहिले पनि पोष्टमार्टम गरिएकामध्ये १०-२० प्रतिशतको मृत्युको ठोस कारण पत्ता लगाउन सकिँदैन । नेपालगञ्जमा हिस्टोप्याथोलोजी ल्यावको अभाव छ । हिस्टोप्याथोलोजी ल्याव फोरेन्सिक विभाग भएका अन्य ठाउँमा समेत छैन । डिएनए, फोरेन्सिक टक्सीकोलोजी ल्यावको समेत व्यवस्थापन गर्ने हो भने मृत्युका अन्य नयाँ नयाँ कारणहरुको पत्ता लाग्न सक्छ । भवितव्य घटना मात्र नभएर अन्य नयाँ रोगको बारेमा पनि पहिचान गर्न सहज हुने डा. शाक्य बताउँछन् । तालिम प्राप्त जनशक्तिको आवश्यकता समेत उनलाई छ । फोरेन्सिक विशेषज्ञ डा. अरविन शाक्य वि.सं. २०४४ साल जेठ १९ गते अरविन ललितपुरको पाटन सुन्धारामा जन्मिए । बुवा राज शाक्य र आमा शोभा शाक्यको कोखबाट माइलो सन्तानको रुपमा उनको जन्म भयो । आमा सामान्य लेखपढ गर्न पनि नसक्ने । बुवा-आमा दुवै मूर्तिकार । उनीहरुको पेशा नै हो मूर्ति गराउने र विक्री गर्ने । अरविन, उनका दाई र वहिनी पनि मूर्ति बनाउँथे । तर, आमालाई राम्रोसँग थाहा थियो आफूले पढ्न नसके पनि छोराछोरीलाई पढाउने र डाक्टर बनाउने । तीनै भाइवहिनी पढ्नमा पनि अव्वल निस्किए । आमाको त्यही सपनालाई पूरा गरे तीनै भाइवहिनीले । अरविनका दाई अहिले पोखरा स्वास्थ्य विज्ञानमा फिजियोलोजिष्ट छन् । उनकी वहिनी केएमसीमा कम्टीमेसिन अध्ययन गर्दै छिन् । द राइजिङ स्कुलबाट वि.सं. २०६१ सालमा एसएलसी गरेका उनले प्रसादी एकेडेमीबाट वि.सं. २०६३ मा प्लस टु गरे । नेपालगञ्ज मेडिकल कलेज कोहलपुरबाट वि.सं. २०६९ मा एमबीबीएस गरे भने वि.सं. २०७५ मा टिचिङबाट फोरेन्सिकमा एमडी गरे । यो क्षेत्रमा जोडिएपछि अरू डाक्टरलाई जस्तो चिन्दैनन् होला भन्ने लाग्थ्यो उनलाई । तर, ठ्याक्कै उल्टो हुँदो रहेछ । फोरेन्सिक मेडिसिन कानुनमा, प्रहरीमा र मानव अधिकारको क्षेत्रमा पनि जोडिएको हुनाले धेरैले चिन्दछन् । कुहिएको लासको पोस्टमार्टम गर्दा जुन नराम्रो फिलिङ्स हुन्छ, त्यो कारणले पनि धेरै डाक्टर यो विषय रोज्न हिच्किचाउँछन् । यो विषय रोजेपछि आफ्नो छुट्टै क्लिनिक खोल्ने भन्ने हुँदैन । जसले गर्दा सरकारी अस्पतालमा सरकारले तोकेको तलबमा मात्र काम गर्नुपर्ने हुन्छ । यी कारणले गर्दा एमबीबीएसपछि यो क्षेत्रमा आउनेको संख्या एकदमै कम छ । अहिले पनि देशभर ७० जनाको हाराहारीमा मात्रै फोरेन्सिक चिकित्सक छन् ।

# तिहारमा मौलिकता हराउँदै गएकोप्रति चिन्ता

नमस्ते समचारदाता
सल्यान, कार्तिक/२१



फूल र झिलिमिलीको पर्वका रूपमा परिचित तिहारको मौलिकता हराउँदै गएको छ । पछिल्ला वर्षमा तिहारको अवसरमा पाँच दिनसम्म खेलिने देउसीभैलोमा मौलिकता हराउँदै गएको हो । युवापुस्तामा आयातित संस्कृतिको मोह बढ्दै गएपछि सांस्कृतिक विरासतका मौलिक चाडपर्वले आफ्नो मौलिकता गुमाउँदै गएको संस्कृतिविद्को भनाइ छ । सल्यानको कला साहित्यका जानकार बागचौर नगरपालिका -२ का डा. पूर्ण भण्डारीले सामाजिक महत्व बोकेको पर्वमा प्रस्तुत गरिने गीत, नृत्य र प्रयोग गरिने वाद्यवादन देख्नै मुस्किल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सबै उमेर, वर्ग र सम्प्रदायका मानिसलाई एउटै मालामा जोड्ने र रमाइलो गर्ने चाडका रूपमा तिहारलाई लिइन्छ । तिहार प्रकृति, पुरुष र ऐश्वर्य (लक्ष्मी) लाई खुसी बनाउने रोमाञ्चक चाड हो तर पछिल्लो समय यो चाडमा पनि निकै विकृति भित्रिएकाले यसको सांस्कृतिक पहिचान नै ओझेलमा पर्दै जान थालेको छ ।" भण्डारीले भन्नुभयो, "केही वर्षपहिलेसम्म घर घरमा माटोको दियो, पाला बत्ती बाल्ने प्रचलन थियो । हरेक घरमा माटोको दियो प्रयोग गर्दा कति रमाइलो हुन्थ्यो, अहिले दियो हराए, जताततै बिजुलीबत्ती बालेर उज्यालो बनाइएको छ ।" यस्तै तिहारमा देउसीभैलो खेल्न प्रयोग गरिने पुराना बाजागाजाको प्रयोग पनि अचेल गरेको देखिँदैन । केही सामाजिक सङ्घ संस्था र आधुनिक गीतको सहयोग लिई बेतालको नृत्य देखाउँदै देउसीभैलोलाई पैसा असुल्ने माध्यम बनाएको पाइएको छ । त्रिवेणी गाउँपालिका-३, पिमखोलाका वरिष्ठ वाद्यवादक खड्कबहादुर बुढाले सल्यानका ठाउँपिच्छे भैली भट्ट्याउने शैली, मुरली, मादल, खैँजडी, झ्याली, टयाम्का, मादल आकारमा फरक हुने गरेको बताउनुभयो । उहाँका अनुसार गाइने देउसीभैलो र देखाइने नृत्यमा कुनै पनि मौलिकता र सिर्जनशीलता छैन । स्थानीय लोकबाजाको प्रयोग गरी गरिने गीत, नृत्य, भट्ट्याइने देउसीभैलोको रमाइलो बेग्लै हुने गरेको दार्मा गाउँपालिका -२ का लीलाधर उपाध्यायले बताउनुभयो । उहाँले भन्नुभयो, "पुराना दिनमा फरक फरक भैलो घरमा आउँदा फरक फरक शैली प्रस्तुतिले रमाइलो हुन्थ्यो । अहिले कुनै सिर्जनशीलता देखिएन ।" चाडपर्वमा रहेका मौलिकताबारे नयाँ पुस्तालाई बुझाउन सकिएको छैन । स्थानीय लोकबाजा र गीतको महत्व नयाँ पुस्तालाई बुझाउन नसक्दा पनि युवाको चासो घटेको सल्यान कला साहित्य परिषद्का अध्यक्ष भरत रोकायले बताउनुभयो । उहाँले युवा विदेश पलायन, पुस्तान्तरणको समस्या आदि चाडपर्वको मौलिकता हराउनुको मुख्य कारण भएको जनाउनुभयो । उहाँले भन्नुभयो, "चाडपर्वलाई भेटघाट, मिलन, दुःखसुख साटासाटका रूपमा भन्दा देउसीभैलो संस्कारलाई रकम असुल्ने माध्यमका रूपमा विकास गर्न थालिएको छ ।" केही सामाजिक सङ्घ संस्था र युवा समूहले परम्परालाई जोगाउने पनि प्रयास गरेका छन् । तिहारमा देउसीभैलो मात्र होइन, सल्यानका विभिन्न गाउँमा टप्पा, वनगाडी, सोरठी, लहरे, पैँसेरी र सरेङ्गे (मयूर) जस्ता नाच पनि नाचिने गरेको पाइएको छ । बागचौर नगरपालिका -७ का साहित्यकार केशवराज देवकोटाले सांस्कृतिक पहिचान लाई नयाँ पुस्तामा हस्तान्तरण गर्न स्थानीय सरकारले पहल लिनुपर्ने बताउनुभयो । उहाँले व्यक्तिले मात्र होइन, मौलिकता जोगाउन स्थानीय सरकारले पहलकदमी लिनुपर्ने सुझाव दिनुभयो ।

## गाउँको...

कृषि ज्ञान केन्द्र डोटीका प्रमुख गङ्गादत्त अवस्थीले भने, 'व्यावसायीक रूपमा गरिएको कृषि पेशालाई उहाँले निरन्तरता दिइरहनु भएकोछ भने हामीले थप प्राविधिक र सामग्री सहयोग गर्न सक्छौं । पछिल्लो समयमा उहाँले राम्रै गर्नुभएको छ ।' सुदूरपश्चिमका पहाडी जिल्लाबाट कामका लागि भारत लगायत तेस्रो मुलुकमा जाने क्रम घटेको छैन । बर्सेनी पहाडबाट बसाइँसराइ गरेर तराई जानेका कारण पहाडी गाउँघरको खेतीयोग्य जमिन बाँझो हुन थालेको छ । मल्लले गाउँमा तरकारी खेतीबाट राम्रो आम्दानी गरेर उदाहरणीय कार्य गरिरहेका छन् ।



# न रकम आयो न सुरु भयो पुनर्निर्माण

नमस्ते समचारदाता
जाजरकोट, कार्तिक/२१



जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भई कात्तिक १७ गतेको विनाशकारी भूकम्प गएको एक वर्ष पुगेको छ। वर्ष दिन पुग्दा पनि सरोकारवाला निकायको ढिलासुस्तीका कारण भूकम्प प्रभावितले न दोस्रो किस्ता पाएका छन् न त पुनर्निर्माणको कामले गति लिएको छ। २०८० कात्तिक १७ गते राति ६.४ को भूकम्पबाट १५४ जनाको मृत्यु भएको थियो। करोडौं बराबरको जनधन क्षति भएको थियो। जाजरकोट दरबार, पुरातात्त्विक संरचना, सर्वसाधारणका निजी घर, सरकारी विद्यालय, स्वास्थ्य चौकी ध्वस्त भए। सरकारले भूकम्पपीडितलाई अस्थायी आवासका लागि ५० हजार रुपियाँ दिने घोषणा गरे पनि स्थानीय तहको ढिलासुस्तीले दोस्रो किस्ताको अनुदान रकम नपाउँदा बिचल्लीमा परेका छन्। भूकम्प गएको एक वर्षको अवधिमा पनि पीडितले दोस्रो किस्ताको रकम पाएका छैनन्। पुनर्निर्माणको काम अझै सुरु नहुँदा अस्थायी आवासमुनि बसेका पीडितको अवस्था उस्तै छ। पुनर्निर्माणसम्बन्धी कार्यविधि नबन्दा उनीहरूको अवस्था जस्ताको तस्तै भएको हो। भेरी नगरपालिका-३ का किरणकुमार भण्डारीका अनुसार सरकारी ढिलासुस्तीका कारण भूकम्प प्रभावित बिचल्लीमा परेका छन्। पुस, माघको चिसो; चैत, वैशाखको गर्मी; असार, साउनको बर्खामा पनि पीडित स्थायी आवासको पर्खाइमा बसेरु कार्यविधि नबन्दा पीडित पुनर्निर्माणको पर्खाइमा छन्। कार्यविधि नआउँदा निजी आवास निर्माण गर्न नसकेर सर्वसाधारणले सास्ती बेहोरेका छन्। भूकम्प गएपछि सुरुका दिनमा सरकारबाट पाएको त्रिपालमा पीडितले दिन बिताएका थिए। पहिलो किस्ता पाए पनि दोस्रो किस्ता नपाउँदा अझै पनि उनीहरू अस्थायी आवासमै बस्न बाध्य छन्। चिसोका कारण त्रिपालमुनि करिब ३६ जनाभन्दा बढी पीडितको मृत्यु भएको थियो। वृद्धवृद्धा, सुत्केरी, गर्भवती, बालबालिका र दीर्घरोगीलाई ज्यान जोगाउन मुस्किल भएको थियो। बर्खाको बाढीपहिरोले अस्थायी आवास बगाउँदा सात जनाको ज्यान गयो। सरकारले भूकम्पपीडितको समस्यालाई महत्वका साथ नहेरेको भन्दै पीडित आक्रोशित भएका थिए। भेरी नगरपालिका-१, रावतगाउँका पूर्ण रावतले एक वर्षसम्म पनि सरकारले दिएको आश्वासन पूरा नभएपछि आक्रोश पोख्नुभयो। उहाँका अनुसार सरकारले आवास निर्माणका लागि अनुदान नदिँदा पनि पीडित निराश भएका छन्। एक वर्षभित्र स्थायी संरचना निर्माण गर्ने घोषणा गरिए पनि अहिलेसम्म अत्तोपत्तो छैन। भेरी नगरपालिका-३ का तेजविक्रम शाहले सरकारबाट सहयोग पाएको भए घर बनाउने आशा व्यक्त गर्नुभयो। अस्थायी आवासमा हिउँदको चिसो, गर्मी, बर्खाको बाढीपहिरो र पुनः हिउँदको चिसो आउन थाल्दा सरकारको ढिलासुस्तीका कारण दोस्रो किस्ता पाउन मुस्किल देखिएको छ। दोस्रो किस्ता पाउन ढिला भएसँगै क्षतिग्रस्त भएका स्थायी संरचना निर्माणको पनि कुनै सुरुवात हुन सकेको छैन। पुनर्निर्माण तथा स्थायी संरचना निर्माणका लागि विस्तृत अध्ययन गर्नुपर्ने व्यवस्था भए पनि त्यो हुन सकेको छैन। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव वसन्त अधिकारीले पुनर्निर्माणमा कति रकम लाग्छ, कति घरको क्षति भएको छ भन्ने विस्तृत अध्ययन नहुँदा पुनर्निर्माणको कार्य अघि बढ्न नसकेको बताउनुभयो। पुनर्निर्माणका लागि करिब ६० अर्ब रुपियाँ लाग्ने प्राधिकरणको अनुमान छ। सरकारी भवन निर्माणको जिम्मा सहरी विकास मन्त्रालयले लिएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका अनुसार जाजरकोटमा २६ हजार ५५७ घर पूर्ण रूपमा, ३५ हजार ४५५ घर आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। बजेट व्यवस्थापन भएपछि भूकम्पले क्षति पुऱ्याएका घरको प्राविधिकसहितको टोलीले हेरेर तयार पारेको प्रतिवेदन अनुसार पुनर्निर्माणको काम अघि बढ्ने सहसचिव अधिकारीले बताउनुभयो। जिल्ला समन्वय समितिका संयोजक कालीबहादुर खत्रीले एक वर्षसम्म विस्तृत परियोजना प्रतिवेदनका लागि २५ करोड रुपियाँ नदिई पीडित बिचल्लीमा परेका बेला स्थायी संरचनाका लागी ६० अर्ब रुपियाँ आउला र पुनर्निर्माण होला भन्ने कुरामा शङ्का लागेको बताउनुभयो। उहाँका अनुसार विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवन भत्किएपछि सेवा प्रवाहमा समस्या हुने गरेको छ। जिल्लामा विद्यालय २८९ वटा पूर्ण रूपमा, ५९८ वटा आंशिक रूपमा, सरकारी कार्यालय ९२ वटा पूर्ण र ६० वटा आंशिक, स्वास्थ्य संस्था २२ वटा पूर्ण र ३८ वटा आंशिक, ५० सडक तथा २५ मठमन्दिर लगायत पुरातात्त्विक संरचना क्षतिग्रस्त भएको जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कमा उल्लेख छ। जिल्लामा भूकम्पले क्षति गरेपछि स्थानीय तहका अनुसार लाभग्राहीको संख्या ४८ हजार ५१७ छ। तीमध्ये ४० हजार ४६३ जनाले पहिलो किस्ताको २५ हजारका दरले रकम पाएका छन्। दोस्रो किस्ताका लागि ३२ हजार ७८ घरपरिवारको विपत् पोर्टलमा नाम दर्ता भए पनि छ हजार १८२ जनाले मात्र दोस्रो किस्ताको रकम पाएका छन् भने बाँकी अरूले पाउन सकेका छैनन्।

# साठी लाख रुपियाँ भाडा बचत

नमस्ते समचारदाता
कालीकोट, कार्तिक/२१



कालीकोट जिल्लाको खाँडाचक्र नगरपालिका सरकारी भवनमा सरेको छ। लामो समयसम्म भाडाको घरमा बस्दै आएको नगरपालिका सरकारी भवनमा सरेपछि भाडाबापत वार्षिक ६० लाख रुपियाँ बजेट बचत भएको छ। नगरपालिका स्थापनादेखि मान्म बजारका चार वटा घर भाडामा लिएर नगरपालिका बस्दै आएको थियो। नगरपालिका अहिले मान्म बजारमा निर्माण भएका दुई वटा ठुला एकीकृत भवनमध्ये एउटा भवनमा सरेको छ। भवन निर्माण सम्पन्नलगत्तै कोरोना अस्पतालका रूपमा प्रयोग गरिएको सो भवन पछिल्लो समय खाली थियो। महालेखा परीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०८१/८२ मा कालीकोट जिल्लाको डोर प्रमुख भएर आउनुभएका मुकुन्द घिमिरेले सरकारी भवन खाली रहेको र नगरपालिका भाडामा बस्न राम्रो नभएको सुझाव दिएपछि नगरपालिका सरकारी भवनमा सरेको हो। नगरपालिकाका लेखा प्रमुख धीरबहादुर शाहीले सरकारी भवनमा कार्यालय सरेपछि नगरपालिकाको वार्षिक ६० लाख रुपियाँ बचत हुने बताउनुभयो। एकीकृत दुई वटा भवनमध्ये एउटा भवनमा जिल्ला निर्वाचन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, हुलाक र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय बस्दै आएका छन्। डोर प्रमुख घिमिरेले नगरपालिकाको भवन निर्माणका लागि ठेक्का भएकाले उक्त ठेक्का रद्द गर्नसमेत सुझाव दिनुभएको लेखा प्रमुख शाहीले बताउनुभयो। यसमा केही रकम वडा कार्यालय, चार वटा प्रहरी चौकी र केही सामुदायिक स्वास्थ्य एकाइका लागि खर्च भए पनि अरू बजेट भने विकासे काममा लगाउन सकिने छ। नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रबलजङ्ग शाहीले सरकारी सम्पत्तिको सदुपयोग गर्ने विषयमा सबै एक मत भएकाले सरकारी भवनमा सर्न सहज भएको बताउनुभयो।

# दुई पालिकामा तरकारी खेती प्रवर्द्धन कार्यक्रम लागु गरिदै




नमस्ते समचारदाता
बाँके, कार्तिक/२१

कृषि ज्ञान केन्द्र बाँकेले जिल्लाको दुईवटा पालिकामा व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ। जिल्लाको राप्तीसोनारी गाउँपालिका र जानकी गाउँपालिकामा व्यावसायीक तरकारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने कृषि ज्ञान केन्द्र बाँकेका कार्यालय प्रमुख वरिष्ठ कृषि विज्ञ विनोद घिमिरेले जानकारी गराएका हुन। घिमिरेले भने, 'चालु आर्थिक वर्षमा जिल्लाको राप्तीसोनारी र जानकी गाउँपालिकामा कृषि विकास कार्यक्रम अन्तर्गत व्यावसायीक तरकारी प्रवर्द्धन कार्यक्रम सुरु गर्न लागेका छौं। त्यसका लागि कृषि विकास कार्यक्रममा सहभागी हुन इच्छुक किसानलाई प्रस्ताव पेश गर्न सूचना समेत प्रकासित गरिसकेका छौं।' कार्यालय प्रमुख घिमिरेका अनुसार कार्यक्रममा सहभागी हुन योग्य किसानहरुले व्यावसायीक योजनाका आधारमा प्रस्तावहरु पेश गर्नुपर्ने र स्वीकृत भइसकेपछि कार्यक्रम सञ्चालन हुनेछ। कार्यक्रम अन्तरगत कृषि उत्पादनमा प्रयोग हुने सामग्रीहरु, सिँचाइका लागि आवश्यक सामग्रीहरु, यन्त्र/उपकरणहरु, प्राथमिक प्रशोधन, बजारीकरण सामग्रीहरु, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापमा अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रमहरु हुनेछन्। कार्यक्रममा कृषक, कृषिफर्म, कृषक समूह, कृषि सहकारीहरु सहभागी हुन सक्ने र सामूहिक रुपमा कम्तीमा एक हेक्टर र एकल रुपमा कम्तीमा १० कट्ठा जमीनमा खेती गर्नुपर्ने मापदण्ड रहेको कार्यालयले प्रकासित गरेको सूचनामा उल्लेख गरिएको छ। किसानहरुले यन्त्र उपकरण/अन्य सामग्रीहरुको हकमा अधिकतम ५० प्रतिशत, निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत, बीउबिजन/बेर्नामा ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत तथा प्रति हेक्टर जमीनमा अधिकतम एक लाख रुपियाँसम्म अनुदान प्राप्त गर्ने कार्यालयले जनाएको छ। कृषि ज्ञान केन्द्र बाँकेले चालु आर्थिक वर्ष ०८१/०८२ मा सञ्चालन हुने कृषि विकास कार्यक्रम अन्तर्गत राप्तीसोनारी गाउँपालिका र जानकी गाउँपालिकामा व्यावसायीक तरकारी प्रवर्द्धन कार्यक्रमका साथै बैजनाथ गाउँपालिकामा च्याउ प्रवर्द्धन र कोहलपुर नगरपालिका, डुडुवा, बैजनाथ, खजुरा, जानकी र राप्तीसोनारी गाउँपालिकामा कृषि यान्त्रिकीकरण कार्यक्रम सञ्चालन गर्दैछ। यसका साथै वर्षे/हिउँदे फलफूल बिरुवा वितरण र बीउ आलुको ढुवानी, बोरा तथा शीत भण्डार शुल्कमा सहयोग कार्यक्रम जिल्लाका किसानसँग सञ्चालन गर्ने योजना रहेको कार्यालय प्रमुख घिमिरेले बताए। 'किसानहरुले प्रस्तावनामा योजनासहितको आवेदन पेश गरिरहनु भएको छ, यही कार्तिक २९ गतेसम्म समयअवधि रहेको छ, समय सीमासम्म कति आवेदन आउँछन् त्यसपछि हामी छनोट प्रक्रियामा जान्छौं। सबै आवेदन प्राप्त भएपछि कागजी प्रक्रिया, फिल्ड भिजिट तथा कार्यविधि र मापदण्डका आधारमा किसान छनोट गर्छौं, कार्यक्रम स्वीकृत गर्छौं र कार्यक्रम सञ्चालन गर्छौं।' कार्यायल प्रमुख घिमिरेले बताए।

# उडान नभएपछि सुनसान सिमकोट विमानस्थल

नमस्ते समचारदाता
हुम्ला, कार्तिक/२१



उडान नभएपछि हुम्लाको सिमकोट विमानस्थल सुनसान देखिँदै आएको छ। सकभर उडान नहुने र भएपनि दिनमा एक मात्र उडान हुने गरेपछि विमानस्थल सुनसान देखिने गरेको हो। कोरोनाअघि हिल्साबाट मानसरोवर कैलाशको दर्शन गर्ने बाह्य पर्यटकहरु आउँदा सिमकोट विमानस्थलको आकाशमा एयर ट्राफिक जाम हुने गरेको भएपनि हिजोआज भने सुनसान देखिन थालेको छ। नेपालञ्ज बेस भएर बस्ने जहाजहरु सबै काठमाडौं फिर्ता हुँदा सिमकोट विमानस्थल उडान नभए कै कारण सुनसान देखिएको नागरिक उययान प्राधिकरण सिमकोटका प्रमुख महेन्द्रबहादुर सिंहले बताए। उनले दैनिक उडान नहुँने र भएपनि दिनमा एक मात्र उडान हुने गरेको कारण यात्रुहरु निक्कै मर्कामा परेको बताए। दशै तिहार मा घर आएका माथिल्लो हुम्लाका अधिकांश विधार्थीहरु फर्किन नपाएर समस्यामा परेका हुन्। उनीहरु चारदेखि पाँच दियता सिमकोटमा बस्नु परेको छ। अर्को कुरा अस्पतालले रिफर गरेका बिरामीहरु पनि जिल्ला बाहिर उपचार गर्न जान पाउने अवस्था रहेको छैन्। हाल काठमाडौं फर्किएका निजी एयर लाइन्सहरुले हप्तामा एक एक वटा सेडुअल उडान भर्ने गरेका छन्। यो क्रम दसैंअघिदेखि नै चली रहेको छ। नेपाल एयरलाइन्सले भने हप्तामा तीन उडान भर्ने गरेको भएपनि यो हप्ता सिमकोट सुर्खेतको उडान भने भर्न सकेन।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके